# दक्षिणकाली नगरपालिकाको प्रथम ऐतिहासिक नगर सभामा
# नगर-उपप्रमुख श्री बसन्ती तामाङ (डंगोल)द्वारा पस्तुत

## आ.व. २०७४/०७५ को बजेट, नीति तथा कार्यक्रम

यस नगर सभाका आदरणीय नगर सभाका सदस्यज्यूहरु, आर्मान्त्रत सदस्य ज्यूहरु, प्रमुख अतिथि गण, राष्ट्रसेवक कर्मचारी तथा सुरक्षा निकायका प्रमुखहरु, कार्यालय प्रमुखज्यूहरु, संचारकर्मी मित्रहरु एवं यस कार्यक्रममा उपस्थित सम्पूण महानुभावहरुमा दक्षिणकाली नगरपालिकाको एतिहासिक पहिलो नगर सभाको वैठकमा यस नगरपालिकाको तर्फबाट तथा मेरो व्यक्तिगत तर्फबाट हार्दिक स्वागत गर्न चाहन्छु । यस गरिमामय नगरसभाको सदस्यको रुपमा निर्वाचित हुनु भएका सम्पूर्ण सदस्यज्यूहरुलाई हार्दिक बधाई दिदै यहाँहरुको सफल कार्यकालको शुभकामना समेत व्यक्त गर्न चाहन्छु ।

आधुनिक नेपालको सन्दर्भमा चर्चा गर्दा नेपालको एउटा उत्कृष्ट धार्मिक पर्यटकीय गन्तव्यको पहिचान बनाएको यस नगरपालिका राजधानी केन्द्रबाट केवल १८ कि.मी.को दुरीमा अवस्थित रहेको एउटा शितल, शान्त, प्रदुषण रहित, हरीयालीयुक्त नगर भनेर चिनिन्छ । २०६८ को जनगणनामा २४,२९७ जनसंख्या रहेको छ भने यो सानो नगरले विगत देखि नै विकासमा अलग्गै पहिचान निर्माण गरेको छ ।

दक्षिणकालीलाई आजको अवस्थामा पुऱ्याउन र यसलाई माया गर्ने सयौं अग्रज तथा समाजसेवीहरुको पसिना बगेको छ । हामी ती सम्पूर्ण जनहरु प्रति आभार व्यक्त गर्दछौं । नेपाल सरकारको मिति २०७१/०८/१६ को निर्णयानुसार साविकका चाल्नाखेल, सेतीदेवी, शेषनारायण, दक्षिणकाली, छैमले र टल्कु डुडेचौर गा.वि.स. मिलेर ४२.६ वर्ग कि.मि. क्षेत्रफलमा हाल ९ वटा वडामा विभाजित रहेको छ । आज यो नगर विविध संभावना, अवसर र चुनौतिहरुका बीचमा उभिएको छ । प्रज्ञा, शक्ति र एकतामा जोड दिदै आगामी बाटो तय गर्ने प्रण गरेको दक्षिणकाली, गौरवशाली ईतिहास र समृद्ध भविष्यको बीचमा उभिइरहेको छ । यस ऐतिहासिक कालखण्डमा यस नगरपालिकाको जननिर्वाचित उपप्रमुखको रुपमा आज पहिलो नगर सभामा यहाँहरुको वीचमा उभिदा म आफुलाई शौभाग्यशाली ठानी रहेको छु ।

आज यस गरिमामय सभामा उभिएर आगामी आर्थिक बर्षको नीति, कार्यक्रम तथा वजेट पेश गर्दै गर्दा सव प्रथम म नेपालका सम्पूर्ण वलिदानीपूर्ण आन्दोलनहरुमा आफनो अमूल्य प्राण उत्सर्ग गर्ने ज्ञात अज्ञात सहिदहरु प्रति हार्दिक श्रद्धासुमन अर्पण गर्दछु ।

जनप्रतिनिधिमूलक यस १९ बर्ष पछि सम्पन्न भएको स्थानिय तह निर्वाचनबाट १५ बर्षको अन्तरालमा प्रतिनिधिको रुपमा चुनिएर काम थालनी गरेको यो सुखदः अवसरमा हामीलाई आफनो अमूल्य मत दिई बिजय गराउने सम्पूर्ण मतदाताहरुलाई हार्दिक धन्यवाद ज्ञापन गर्दै, जनप्रतिनिधि विहीनताको अवस्थामा समेत जनअपेक्षा वमोजिम कार्य सम्पादन गरी जनसहभागितामूलक पद्धतिबाट विकास निर्माण तथा सेवा प्रवाहलाई निरन्तरता दिन सफल भएकोमा कार्यकारी अधिकृत लगायतका सम्पूर्ण कर्मचारी मित्रहरुलाई हार्दिक धन्यवाद टक्राउन चाहन्छु ।

वैकल्पिक राजमार्ग, ऐतिहासिक चन्द्रज्योति पावर हाउस, प्रसिद्ध धार्मिक तिर्थस्थल दक्षिणकाली मन्दिर, लिच्छिविकालिन ऐतिहासिक पौराणिक शिखरापुरी नगरी, परम्परागत हरिशंकर जात्रा, थैली नाच, कातिक नाच, लाखे नाच, बज्रयोगिनी जात्रा, गाई जात्रा जस्ता परापूवकाल देखी चली आएका परमपरागत नाच एवं जात्राका कारण यस नगरलाई सास्कृतिक नगरीको रुपमा पनि चिन्न सकिन्छ । काठमाडौंको ४ नारायण मध्येका एक

शेषनारायाण मन्दिर, बौद्ध धर्मावलम्बीहरुको अध्ययन तथा अनुसन्धानको रुपमा रहेको पवित्र तिर्थ स्थल गोरखनाथ, पदमसम्भव गुफा, बज्रयोगिनी मन्दिर, गोपालेश्वर मन्दिर, पचली भैरब लगाएतका थुपै मठ मन्दिर र गुम्बाहरु रहेको यस नगरी धार्मिक दृष्टिकोणले पनि त्यत्ति नै प्रसिद्ध रहेको छ । उषा मैयाको दरबार, बाणसुरको दरबार, ३३ केटी देवदेवताको बासस्थल झम्केश्वरी मन्दिर, भिमसेन मन्दिर, चौकोट देवी, चम्पादेवा, दक्षिण गोदावरी, दक्षिण मनकामना, कटवाल दह, ग्रीन तारा लगायतका पवित्र धार्मिक एव तिर्थस्थलको रुपमा रहेको यस दक्षिणकाली नगरपालिका सामाजिक सदभाव र सहिष्णुताको वेजोड उदाहरणको रुपमा रहेको व्यहोरा यहाँहरुलाई अवगत नै छ ।

यस महत्वपूर्ण अवसरमा, केही अत्यन्तै गम्भिर तथा केही सान्दर्भिक विषयहरुमा म यहाँहरुको ध्यानाकर्षण गराउन चाहन्छु :

- स्थानीय तहको सहज संचालनको लागि अनिवार्य मानिएको स्थानीय तह सम्बन्धी विधेयक आजको मिति सम्म पनि व्यवस्थापिका संसदमा विचाराधिन रहेको, यसैगरी प्राकृतिक श्रोत तथा वित्तीय आयोगसँग सम्बन्धित कानून लगायत स्थानीय तह कार्यान्वियनको लागि आवश्यक कानूनहरु अझैसम्म पारित हुन नसकको कारणले जनअपेक्षा वमोजिम कार्य प्रभावकारी बनाउन सकिएको छैन । अतः म यसै सभा मार्फत सम्बन्धित निकायको ध्यानाकर्षण गराउन चाहन्छु ।

- नगरपालिकाहरुले प्राप्त गर्ने रजिष्टशन र प्राकृतिक श्रोतको बाँडफाँड वापत प्राप्त गर्ने रकम हाल प्रचलनमा रहेको दरको आधारमा नभई नगरपालिकाको श्रोत र साधनको प्रयोग भएको हिस्साको आधारमा उल्लेखित श्रोतहरुको रकम वाडफाड हुनुपर्ने महशुस गरिएको व्यहोरा यस गरिमामय सभामा राख्न चाहन्छु ।

- सावजनिक पूर्वाधार, खुल्ला क्षेत्र, खेलकुद तथा मनोरञ्जन स्थलको व्यवस्थापन नगरपालिकाको प्रमुख दायित्व हो तर जग्गाको उपलब्धता तथा व्यवस्थापन यसको पहिलो शर्त हो । सावजनिक जग्गाको संरक्षण तथा उपयोगको जिम्मा नगरपालिकाहरुले प्राप्त गर्ने हुदा त्यस जमिन नगरले जनताको अपेक्षा बमोजिम चाहेको विकास निर्माण गर्न सकिने निति लिईनेछ । जग्गा खरिद गरी यस्ता पूर्वाधार निर्माण गर्नु निकै महँगा हुन जान्छ । विगतमा स्थानीय स्वायत्त शासन ऐनले स्थानीय निकायलाई प्रदान गरको यो अधिकारमा हाल सरकारले जारी गरेको परिपत्रले अंकुश लगाएको छ । उक्त परिपत्र अविलम्ब फिर्ता लिन र नगरपालिकाको आफ्नो विकास निमाणमा सार्वजनिक जग्गाको प्रयोगको मार्ग प्रशस्त गर्न जोडदार आवाज उठाउन चाहन्छु ।

- दक्षिणकालीको ऐतिहासिक महत्व दर्शाउने मठ मन्दिरहरुको आवश्यक पूर्वाधारहरुको विकास र संरक्षण गर्न नेपाल सरकारका सवै सम्बन्धित निकाय समक्ष सादर अनुरोध गर्न चाहन्छु ।

<u>अब म आ.व. ०७३/७४ को प्रगति समिक्षा संक्षेपमा प्रस्तुत गर्ने अनुमति चाहन्छु :</u>

- आ.ब २०७३/७४ मा आन्तरीक आय रु १ करोड तथा बाह्य आम्दानी रु. ८ करोड ८३ लाख एवं राजश्व वाडफाड समेत गरी कुल रु. ९ करोड ९३ लाखको बजेट तथा कार्यक्रम तर्जूमा र्गारएको थियो । आर्थिक बर्ष सम्पन्न नभइसकेको कारणले यर्थाथ आम्दानी तथा यर्थाथ खर्चको विवरण पेश गर्न सम्भव भएन तर पनि आन्तरीक आय तर्फ अनुमानित ७८ प्रतिशत तथा बाह्य आय तर्फ १०० प्रतिशत संकलन भएको साथ खर्च तर्फ आर्थिक बर्षको मसान्तसम्म चालु खर्च ९० प्रतिशत तथा पूँजीगत खर्च ८५ प्रतिशत हुने संशोधित अनुमान गरिएको छ ।

- सीमित श्रोत तथा साधन हुने हाम्रो जस्तो निकायमा पुँजीगत खर्च न्यून हुनु अत्यन्त दु:खद विषय हो । प्राय सम्पूर्ण कार्य उपभोक्ता समिति मार्फत हुने भएतापनि समयमै सम्झौता नहुने, लागत सहभागिता जटाउन कठिनाई तथा पेश्की विना काम गर्न नसक्ने अवस्था एव समयमै पेश्की फछ्र्यौट नगर्ने प्रवृतिका कारण आशातित प्रगति हासिल गर्न सकिएको अवस्था छैन । निर्माण व्यवसायी मार्फत गरिने कार्यमा पनि निर्माण व्यवसायीका काम ओगटने तर काम नगर्ने प्रवृत्ति, समयमा ठेक्का बन्दोवस्त नहुने, समयमा कार्यक्रम स्वीकृत नहने तथा निर्माण सामाग्रीको अभाव एवं छिटो शुरु भएको मनसुन समेतको कारणले यस्तो परिस्थिति पन गएको छ । यसलाई गम्भिर रुपमा मनन गरी आगामी दिनमा जनप्रतिनिधिहरु समेत परिचालित भै प्रभावकारी अनुगमन गर्दै पूँजीगत खर्चमा उल्लेख्य प्रगति गर्ने आशा तथा विश्वास दिलाउन चाहन्छु ।

- वित्तिय अनुशासन तर्फ विचार गर्दा समिक्षा अवधिमा कुल बेरुजु २,३९,९८१।- कायम रहेकोमा चालु आ.ब मा ६१,८००/- फछ्र्यौट भएको देखिन्छ भने सामाजिक सुरक्षा भत्ताको ढिलो निकासीका कारण जेष्ठ नागरिक, एकल महिला, अपाङ्गगता भएका व्यक्तिहरुलाई समयमा प्रभावकार सेवा दिन नसकिएको अवस्था छ । चालू आर्थिक बर्षको आयव्ययको लेखा परिक्षण महालेखा परिक्षकको कार्यालयबाट सम्पन्न हुने सबैधानिक प्रावधानले गर्दा आगामी दिनमा आर्थिक अनुशासन कायम गर्ने कुरामा सुधार आउने र कार्यालयका आन्तिरिक लेखा परिक्षण शाखा लगायत अन्य आवश्यक शाखा गठन गरी कर्मचारी क्षमता विकास गरिनेछ । सम्र्बान्धित शाखा तथा कर्मचारीको क्षमता विकास हुन जाने अपेक्षा लिएको छु । यसका अलावा जनप्रतिनिधिहरुले भ्रष्टाचारमा शुन्य सहनशीलताको नीति लिने प्रण गरेको कारणले समेत वित्तिय अनुशासनमा सुधार आउने कुरामा म विश्वस्त छु ।

<u>उपस्थित सम्पूर्ण महानुभावहरु :</u>

आ.व. ०७४/७५ को वजेट तर्जुमा गर्दा देहायका विषयहरुलाई प्रमुख नीतिगत मार्गदर्शनको रुपमा अवलम्बन गरिएको छ :-

- नेपालको संविधानले निर्देशित गरेको स्थानीय तहको काम, कर्तव्य तथा अधिकार सर्म्बान्धि विषय तथा प्राथमिकताहरु ।

- नेपालको संविधानको अनुसुची ८ तथा ९ ले स्थानीय तहको लागि तोकेको राजस्व परिचालन सर्म्बान्धि खाका, खर्च जिम्मेवारीको क्षेत्र, अन्तरसरकारी हस्तान्तरणको विषय तथा स्थानीय तहको ऋण संरचनाको स्वरुप ।

- यस नगरपालिकाको जन प्रतिनिधीको रुपमा जनतासँग मत माग्दा व्यक्त गरेका प्रतिवद्धता पत्र तथा समय समय जनतासँग गरेका बचनवद्धताहरु ।

- चौथौं योजनाले निर्दिष्ट गरेका लक्ष्य एवं उद्देश्यहरु साथै दिगो विकासको रणनीतिले अङगीकार गरेका तथ्य, सुचक एवं प्राथमिकताहरु ।

- नेपाल सरकार, अर्थ मन्त्रालय, राष्ट्रिय योजना आयोग, सङघीय मामिला तथा स्थानीय विकास मन्त्रालय एवं जिल्ला समन्वय समितिको कार्यालय, काठमाडौंबाट प्राप्त हुन विभिन्न शिर्षकका बजेट, मार्गदर्शन एवं निर्देशनहरु तथा सुझावहरु ।

- सङ्घीय मामिला तथा स्थानीय विकास मन्त्रालय र नगरपालिकाका बीच सम्पन्न कार्य सम्पादन सम्झौताले परिलक्षित गरेका सुचकहरु ।

अव म हामीले आगामी बर्षको लागि प्रस्ताव गरेको आयव्ययको खाका र हामीले उच्च प्राथमिकता दिएका केही विषयहको बारेमा प्रकाश पार्न चाहन्छु :

- व्यवस्थापिका संसदमा प्रस्तुत आगामी आर्थिक बर्षको वजेट वक्तव्यका साथ प्राप्त भएको वित्तिय समानीकरण अनुदान तर्फ १५ करोड र सशर्त अनुदान ७ करोड ६६ लाख अनुदान रकम प्राप्त भएको व्यहोरा यस सभालाई जानकारी गराउन चाहन्छु । यसै गरी सोही वजेट वक्तव्यको विभिन्न बुँदाहरुमा स्थानीय तहमा हस्तान्तरण हुने भनिएका कार्यक्रमहरुको लागि सोही वमोजिम सशर्त अनुदान तथा समानीकरण अनुदानमा रकम समायोजन गरिएको देखिएको छ । यसको अलावा वजेट वक्तव्यमा नगरपालिकाको हकमा कुनै पनि विषयगत कार्यालयले कार्यान्वयन गर्ने एक करोड भन्दा सानो वजेटका कार्यक्रमहरु नगरपालिकामा हस्तान्तरण हुने र नगरपालिकाले माग गरेमा सोही कार्यालयहरुले प्राविधिक सहायता उपलब्ध गराउने भनिएका कार्यक्रम के कति हस्तान्तरण भै आउँछन तथा यसले नगरपालिकाको वजेट सिलिङमा के कस्तो प्रभाव पार्छ भनी आज एकिन साथ वताउन सकिने अवस्था नरहेको हुँदा यथार्थ वजेट यस सभामा प्रस्तुत गर्न नसकिएको व्यहोरा अवगत गराउन चाहन्छु ।

- सशर्त अनुदान स्वरुप प्राप्त रु ७ करोड ६६ लाख बाट संचालन गरिने कार्यक्रमहरु तथा त्यसको लागि लाग्ने लागत समेत एकिन गरी विविध कार्यक्रमहरु निक्षेपित भै आएको सन्दर्भमा उक्त कार्यक्रमहरुलाई हुवहु स्वीकृत गरिएको छ ।

- नेपाल सरकारबाट समानीकरण अनुदान स्वरुप प्राप्त भएका कार्यक्रमहरुमा यस नगरपालिकाको क्षेत्र भित्र लागू भएका कार्यक्रम तथा त्यसमा साविक तथा आगामी आर्थिक बर्षको लागि प्रस्तावित रकमको अंक यकिन गर्न सकिएन । अतः समानिकरण अनुदान तर्फ समावेश भएका सम्पूर्ण कार्यक्रमहरुको लागि स्रोतको व्यवस्थापन गर्न एकमुष्ट रुपमा रु १५ करोड विनियोजन प्रस्ताव गरेको छ ।

- यसै गरी वडा कार्यालयले प्राथमिकता तोकेका क्षेत्रहरुमा कुनै हेरफेर नगरी योजना स्वीकृत गर्ने गरी प्रति वडामा कम्तिमा ५५ लाख देखी बढीमा १ करोड १५ लाख बजेटको व्यवस्था मिलाएको छ । उक्त रकम प्रशासनीक खर्च बाहेकको विकास वजेट हो । प्रत्येक वडामा उपरोक्त बजेट विनियोजन गरिएको हो ।

- स्थानीय निकाय श्रोत परिचालन कार्यविधिको अवलम्वन गरिएका यस पूर्व गरिएका नगरपरिषदबाट पूँजीगत बजेटको ३५ प्रतिशत रकम छुट्टाई महिलाको क्षेत्रमा १० प्रतिशत, बालबालिकाको क्षेत्रमा १० प्रतिशत तथा अन्य लक्षित वर्गमा १५ प्रतिशत रकम विनियोजन गर्ने गरिएको थियो तर स्थानीय सरकारको रुपमा ठूलो परिमाणमा श्रोत परिचालन गरी वजेटको वाडफाड गर्दा सोही अनुपातमा रकम विनियोजन गर्न संभव भएन तसर्थ समावेशी विकासका माध्यमद्धारा समुदायस्तर सम्म विस्तार भएका क्षमता विकास तथा प्रवर्धनात्मक कार्यक्रमहरुलाई निरन्तरता दिइनेछ ।

- यस पूर्व बालमैत्री नगरपालिका बनाउने प्रतिबद्धता जनाएका नगरपालिकाहरुको हकमा बालबालिकाको क्षेत्रमा थप ५ प्रतिशत श्रोत विनियोजन गर्नु पर्ने प्रावधान थियो । दक्षिणकाली नगरलाई बालमैत्री नगर बनाउने हाम्रो साझा प्रतिबद्धता हो । बालमैत्री नगर बनाईने निति लिईनेछ ।

- योजनाबद्ध विकासको मार्गमा दक्षिणकालीलाई अगाडि वढाउने प्रयासस्वरुप एकिकृत नगर विकास योजना तर्जुमा गर्ने निति लिईन छ । यस याजना दस्तावेजले आर्थिक विकास, भू-उपयोग योजना, पर्यटकिय विकासको कार्ययोजना लगायतका ७ वटा नीति दस्तावेजलाई समेटनेछ र यो दस्तावेज समृद्ध दक्षिणकालीको बलियो जग सावित हुनेछ ।
- दक्षिणकाली एउटा ऐतिहासिक तथा सास्कृतिक शहर हो । हाम्रा संस्कृतिहरु मूर्त मात्रै छैनन, अमूर्त पनि छन । विभिन्न जात जाति, जनजाति तथा भाषा भाषीका आफ्नै मौलिक सास्कृतिक धरोहरहरु छन । यिनिहरुको संरक्षण, विकास तथा प्रवर्धन गर्नु हामी सबको साझा कर्तव्य हो ।

- समग्र खेलकुदका कार्यक्रमहरु संचालन गर्न, खेलकुदका पूर्वाधारहरु निर्माण गर्न तथा प्रतियोगिताहरु आयोजना गर्न सघाउने समेतका खेलकुद सम्बन्धि क्रियाकलाप संचालन गरिने निति लिईने छ ।

अवलम्बन गरिएका महत्वपूर्ण तथा मार्गदर्शक नीतिहरु : आगामी आ.ब.को बजेट तर्जुमा गर्दा लिइएका महत्वपूर्ण क्षेत्रगत नीतिहरु यसप्रकार छन :

## पूर्वाधार विकास क्षेत्रका नीति तथा कार्यक्रमहरु :

- गत आ.ब. मा संचालनमा रहेका योजनाहरुलाई प्राथमिकतामै राखी सम्पन्न गरीनेछ । यसलाई सम्बाधन गरी साविक दक्षिणकाली नगरपालिका भित्रका सडकहरुमा लगत कट्टाको लागि पहल गरिनेछ ।

- ४ फिट भन्दा अग्ला, भुकम्पीय दृष्टिले जोखिम युक्त पर्खालहरु एवं कच्चा किसिमले निर्माण भएका पर्खाललाई भवन निर्माण मापदण्ड अनुसार गरिनेछ । एक घर दुई रुखको नीति लिइने छ । यसले हरियाली युक्त दक्षिणकाली कायम राख्न मद्दत पुग्ने देखिन्छ । प्रत्यक्ष रोजगारी सृजना गर्ने कम्तीमा एक आयोजना महिला कै सहभागितामा मात्र सचालन गर्ने नीति लिइने छ ।

- तिव्र सहरीकरणलाई व्यवस्थापन गर्न, पूर्वाधार संरचनाहरु सोही वमोजिम निर्माण गर्न एवं दक्षिणकालीको आर्थिक विकासमा टेवा दिन दक्षिणकाली नगर क्षेत्र भित्र चक्रपथ रेखाङकन सम्पन्न गरिने छ ।

- दक्षिणकाली नगरका विभिन्न सार्वजनिक यातायातको रुट निर्माण गरी सार्वजनिक यातायात सचालनको पहल गरिनेछ ।

- सौर्य सडक वत्ती जडानलाई अभियानको रुपमा अगाडि लगिने छ । यसैगरी ग्रामीण विद्युतीकरणलाई प्राथमिकता दिईनेछ ।

- जुनसुकै शिर्षकबाट बजेट विनियोजन गरिएको भएतापनि जुन आर्थिक बर्षको लागि बजेट विनियोजन गरिएको हो, सोही आर्थिक बर्षमा आयोजना सम्पन्न गरिसक्नु पर्ने नीति लिइनेछ । आ.ब. को चैत्र मसान्तसम्म सम्झौता गरी कार्यान्वयन अघि नबढेका उपभोक्ता समिति मार्फत संचालन गरिने योजनाहरुलाई रकमान्तर गर्ने नीति लिइएको छ ।
- बजार, पसल, रेष्टुरा, कार्यालय वा यस्तै प्रकारका साईनवोर्ड, प्रचार सामाग्री तथा होर्डिङ्ग वोर्डले घरमा उज्यालो तथा हावाको प्रवाह नै रोक्ने गरेको देखिएकोले यस्तो प्रचार तथा संकेत सामाग्री राख्नको लागि मापदण्ड तयार गरी कार्यान्वयन गरिने नीति लिइने छ ।

- २ वर्ष भित्र जथाभावी अव्यवस्थित रुपमा रहेको विद्युतीय नाङगो तारलाई व्यवस्थित गरिनेछ । High extension line मा नाङगो तारलाई हटाई कालो तार राख्ने नीति लिईने छ ।

- नगरपालिकाको भौतिक एवं सामाजिक सेवालाई अपाङ्ग मैत्री बनाउदै लगिने छ । अपाङ्ग मैत्री र्‍याम्प निर्माणमा केन्द्रित हुँदै पार्किङ्ग, फुटपाथ, जेब्रा क्रशिङ आदिमा नमूना अपाङ्ग मैत्री संरचना निर्माण गर्ने नीतिलाई निरन्तरता दिईने छ । त्यस्तै सङ्केत युक्त टायल लगाई फुटपाथ बनाउने नीति लिइने छ ।

- योजनाबद्ध विकासको मार्गमा दक्षिणकालीलाई डोर्‍याउने क्रममा नगर यातायात गुरुयोजना तर्जुमा गरिने छ । प्रस्तुत गुरुयोजनाले नगर भित्रका सडकहरुको वर्गिकरण, सडक अधिकार क्षेत्र निर्धारण तथा समन्वयात्मक विकासमा मद्दत गर्ने विश्वास लिइएको छ ।

- नगरपालिकाका सबै वडा केन्द्रहरुसम्म क्रमशः कालोपत्रे सडक निर्माण गरिनेछ । नगरस्तरीय सडकहरुलाई बाह्रै महिना सवारी साधन चल्ने गरी स्तरोन्नति गरिनेछ । सबै गाउँ, बस्तीहरुमा सडक सञ्जाल पुर्‍याइनेछ ।

- पर्यटकिय प्राचिन दक्षिणकाली, चम्पादेवा, वाणसुर दरबार, डाडाखेल, चौकोट देवी हुँदै पुन दक्षिणकाली मन्दिर हुदै शिखरापुरी नगर पर्यटन मार्गको लागी पर्यटन बोर्ड लगायत सरोकारवाला निकायसँग सहकार्य गरि निति लिईएकाछ साथै Hiking root र Trekking Root को पनि विकास गर्दै लैजाने नीति लिईनेछ ।

- चाल्नाखेल देखि छैमलेसम्मको निर्माणाधिन सडक अबिलम्ब निर्माण सम्पन्न गर्न आवश्यक पहल गरिनुका साथै नगर भित्र cycling root को लागी पहल गरिनेछ ।

- सम्पूर्ण नागरिकहरुलाई स्वच्छ पिउने पानीको पहुँच पुर्‍याउने नीति लिइएको छ ।

- मुख्य सावजनिक स्थलहरुमा सार्वजनिक शौचालयको व्यवस्था गरिनेछ । सिङगो नगरलाई खुल्ला दिसामुक्त गराइनेछ ।

- नगरपालिका क्षेत्रभित्र एउटा पहाडी नमूना बस्तीको विकास गरिनेछ । दक्षिणकाली क्षेत्रलाई सुरक्षित, व्यवस्थित, सुविधा सम्पन्न र आकर्षक आवास केन्द्रको रुपमा विकास गरिने छ । टाउन प्लान बिस्तारका लागि आवश्यक कार्यविधि र मापदण्ड बनाई नियमानुसार व्यवस्थापन गरिनेछ ।

- छिमेकी नगरपालिका तथा गाउँपालिकाहरुसँग भगिनी सम्बन्ध कायम गरी यस नगरपालिकालाई नमुना नगरपालिका बनाउने नीति लिईनेछ ।

- नगरपालिकामा एउटा नगर सभागृह तथा बहुद्देश्यीय कभर्ड हल निर्माणको थालनी गरिनेछ । प्रत्येक वडामा खुला क्षेत्रको रुपमा पनि प्रयोग गर्न सकिने गरी बहुउपयोगी खेलमैदान निर्माण गरिनेछ ।

- विद्युतीय शासन तथा सेवा प्रणालीलाई प्रबर्द्धन गरिनेछ । सावजनिक स्थलहरुमा फ्रि वाइफाई, इन्टरनेट सुविधाको व्यवस्था गरिनेछ र नगरपालिकालाई Smart City को रुपमा विकसित गरिनेछ ।

- सुरक्षित शहर (Safte City) हाम्रो प्रतिबद्धता हो । चेलीबेटी बेचबिखन, बोक्सीको आरोप, घरेलु हिंसा, यातना, संगठित अपराध, बालविवाह, चोरी, डकैती, छुवाछुत, लैंगिक हिंसा, यौनजन्य हिंसा, जबरजस्ती श्रम गराउने, बधुवा मजदुर, बालश्रम, अमानवीय दुर्व्यवहार अन्त्य गर्न कानून बनाई कार्यान्वयन गरिनेछ

। आपतकालीन अवस्थाको लागि आवश्यक सुरक्षा प्रणालीको व्यवस्था गरिनेछ । संविधानको भावना बमोजिम कानून बनाई नगर प्रहरी सेवाको स्थापना गरिनेछ ।

फोहरमैला व्यवस्थापन, वातावरण तथा प्रकोप व्यवस्थापन क्षेत्रका नीति तथा कार्यक्रमहरु :

- नगर क्षेत्रको फोहोर मैलाको दिगो व्यवस्थापनका लागि व्यवस्थित ल्याण्डफिल साइटको पूर्वाधार निर्माण गरिनेछ । सबै वडामा व्यवस्थित ढल निकासको निर्माण गरिनेछ ।
- घरेलु फोहरलाई कुहिने, नकुहिने र पुनः प्रयोग गर्न सकिने तीन तहमा घरमै छुटयाई सोको उपयोग र उचित व्यवस्थापनका लागि निजी क्षेत्र र गैरसरकारी निकायसँग साझेदारी गरिनेछ ।
- सार्वजनिक स्थलहरूमा फोहोरमैला फाल्ने, सूर्तिजन्य पदार्थको प्रयोग गर्ने, भित्तेलेखन गर्ने र मापदण्ड विपरीतका प्लाष्टिक झोला वा वातावरणमा प्रतिकूल असर पान सामाग्रीको प्रयोगलाई  निषेध गर्न पहल गरिनेछ ।
- स्वच्छ तथा हराभरा दक्षिणकालीको लक्ष्यका साथ हरियाली प्रवर्द्धन गर्न सडकको दायाँ बायाँ बृक्षारोपण कार्यक्रम तथा एक वडा एक पार्क/उद्यान कार्यक्रमको अवधारणा लिईनेछ । जलवायु परिवर्तन, भुकम्पिय प्रभाव र यसको प्रभावका कारण पानीको श्रोतमा आएको कमी र जमीन मुनीको पानीको सतह घटेको कुरालाई ध्यानमा राख्दै एक वडा एक पोखरीको कार्यक्रमलाई अवधारणा लिदै भएका पोखरी, ईनार, कुवा, धारा, आदिको संरक्षणमा विशेष जोड दिईने छ ।
- केही छानिएका क्षेत्रमा फोहरमैला व्यवस्थापन गर्न टोल विकास संस्थासँग सहकार्य गरिने छ । जथाभावी फोहर फाल्नेलाई आवश्यक कारवाही गर्न एउटा अनुगमन तथा निगरानी समिति बनाइने छ । फोहरमैला व्यवस्थापन ऐन, २०६८ लाई कडाइका साथ कार्यान्वयन गरिनेछ ।
- गाडि मर्मत संभार गर्ने वर्कसपहरुले अनिवार्य रुपमा आफ्नो प्रयोगको क्षेत्र पक्की बनाई गाडिले सडकमा हिलो ल्याउन नपाउने र मोविल लगायत दुषित पानी नालामा पठाउन नपाउने नीति कडाईका साथ लागू गरिनेछ ।
- घडेरी खार्ने कार्यलाई निरुत्साहित गरिनेछ । घडेर खार्न अनुमति लिनु पर्ने, ठूलो स्केलमा खन्नु वा पुर्नु पर्दा वातावरणीय अध्ययन गरिनु पर्ने तथा घडेरी खार्दा सडकमा माटो राख्न नपाईने नीति लागू गरिनेछ । जथाभाबी side track motor bato निर्माण आवश्यताको पहिचान गरेर वातावरणीय प्रभाव मुल्यांकन गरेर मात्र गरिनेछ ।
- ढल निकासको पर्याप्त व्यवस्था नहुदा सडकमा पानी जम्ने, फोहर पानीले सहर बस्ती दुषीत वनाउने तथा बालीको उत्पादकत्व घटने भएकोले ढल तथा ढल प्रशोधन क्षेत्र निर्माण कार्यलाई प्राथमिकता दिईनेछ ।
- भुकम्पबाट घरबार नै गुमाएका परिवारहरुलाई भवन निर्माणको लागि सरकारले तोकेका नक्सा निर्माण तथा नक्सा पासका लागि लाग्ने शुल्क मिनाहा गरिनेछ । भुकम्प प्रभावित परिवारहरुको पुर्नस्थापनाको लागि जीविकोपार्जन कार्यक्रमहरु तर्जुमा गरी कार्यान्वयन गरिनेछ ।

- दक्षिणकाली नगर क्षेत्र भित्रका अन्तराष्ट्रिय रुपमा प्रख्यात व्यक्ति तथा व्यक्तित्वहरुको सहयोग लिदै पुनः निर्माणलाई गतिशिल बनाईनेछ । पुनः निर्माण क्षेत्रका समस्याहरुको निराकरण गर्न कार्यदल तथा कार्य टोलीहरुको निर्माण गरी समुदाय स्तरमा नै खटाइनेछ । भूकम्पबाट क्षतिग्रस्त सार्वजनिक संरचनाहरुको व्यवस्थित पुर्ननिर्माणको कार्य तत्काल अगाडि बढाउन र २ बर्ष भित्र पुन निर्माण गरी सक्ने निति लिईनेछ ।

- विपद व्यवस्थापनको लागि संस्थागत संरचनाहरु सुदृढ गर्दै संभावित विपद जोखिम पहिचान गरी पूर्व तैयारीको लागि आवश्यक कार्य गरिनेछ । आपतकालिन खोज, उद्धार, राहत तथा पुर्ननिर्माणका लागि आवश्यक प्रबन्ध गरिनेछ । विपतको समयमा प्रयोग गर्न कोष खडा गरिनेछ । व्यवसायिक सामाजिक उत्तरदायित्व अन्तर्गत निजी क्षेत्र, गैर सरकारी क्षेत्र र अन्य सरकारी निकायहरुलाई पनि यस कोषमा योगदान गर्न प्रेरित गरिने छ ।

- दमकलको व्यवस्था गरी आपतकालीन प्रयोगका लागि तयारी अवस्थामा राखिनेछ । दमकल व्यवस्था गर्न उपत्यकाका अन्य नगरपालिकाहरुसँग साझेदारी गरीने छ ।

- नगर क्षेत्रभित्र रहेको वनक्षेत्र संरक्षण गरिनेछ । वनको दिगो उपभोगको लागी बहुउपयोगी बिरुवा उत्पादन नर्सरी निर्माण गरिनुका साथै व्यवस्थापनको लागि समुदायमा आधारित वन व्यवस्थापनलाई प्रबर्द्धन गरिनेछ । सडकका दायाँबायाँ बिभिन्न प्रजातिका रुख तथा फुलहरु रोपी Green City को अवधारणा अनुरुप विकास गरिनेछ ।

- वायु प्रदुषण, भू-प्रदुषण, ध्वनी प्रदुषण नियन्त्रणका लागि आवश्यक नीतिहरुको तर्जुमा गरी प्रदुषण मुक्त वातावरण मैत्री नगरको रुपमा अगाडि बढाइनेछ ।

- नगरक्षेत्र भित्रको जैविक विविधता र जैवीक चक्र अध्ययन गरी त्यसको संरक्षणको लागि आवश्यक ऐन नियम योजना बनाई कार्यान्वयन गरिनेछ । साथै जलवायु परिर्वनले पारेका असर र प्रभावको अध्ययन गरी जलवायु अनुकुलन योजना निर्माण गरी कार्यान्वयन गरिनेछ । Clean City को अवधारणा अनुरुप न्यून कार्वन उत्सर्जनको लागि नीति बनाई कार्यान्वयन गरिने छ । गोबरग्यास, सोलार लगायत सफा उर्जा र बैकल्पिक उर्जा विस्तारलाई प्रोत्साहन गरिनेछ ।

- यस नगरपालिका भित्र केही क्षेत्रलाई पहिचान गरी बृक्षारापण गर्ने कार्य अभियानको रुपमा अगाडी बढाईनेछ । यस नगरपालिका भित्र रहेका स्वास्थ चौकीको सुधार गदै शहरी स्वास्थ्य क्लिनिक स्थापना गरिनेछ ।

- हाल काठमाडौं उपत्यका खानेपानी लिमिटेडले यस नगरपालिकाबाट खानपानीको मूल श्रोत तथा जलाधार क्षत्रमा रहेको पानी बिक्री गरी रकम प्राप्त गरेकोले उक्त रकमबाट सो प्रभावित क्षेत्रमा खानेपानी वितरण गर्ने त्यस संस्थाको जिम्मेवारी भएको हुदा सहकार्यको माध्यमबाट यस नगरको खानेपानी व्यवस्थापन गन निति लिईएको छ ।

- फोहर मैला उत्पादनमा कमी (reduce), प्रशोधन (Recycle), पुन प्रयोग (Reuse) लगायतका कार्यहरुलाई टाल र वडा देखी नै प्रोत्साहित गरी बैज्ञानिक र व्यवस्थित फोहर मैला संकलन र व्यवस्थापनको कार्यलाई अगाडी बढाईने छ । या कार्यमा टोल सुधार समिति, क्लब, युवा समुह लगायत सामाजिक संघ संस्थाहरुको सक्रियतालाइ प्रोत्साहित गरिनेछ ।

- कुहिने तथा नकुहिने फोहर व्यवस्थापनका लागी land field site को व्यवस्था गरिनेछ, प्लाष्टिक झोला प्रयोगलाई निरुसाहित गरिनेछ ।

- माटो, ढुङ्गा, बालुवा र गिट्टी जस्ता खनिजजन्य तथा प्रकृतिजन्य उद्याग संचालनको लागी उद्यागको आकारप्रकार हेरी प्रारम्भिक वातवरणीय परिक्षण (IEE), वातावरण प्रभाव मुल्यांकन (EIA) अनिवार्य गरिनेछ ।

<u>स्थानीय आर्थिक विकास संग केन्द्रीत नीति तथा कार्यक्रमहरु :</u>

- आगामी आर्थिक बर्षमा दक्षिणकालीका विकासमा विगतमा साथ र सहयोग दिएका तथा आगामी दिनमा हामीलाई सहयोग गर्न इच्छुक दातृनिकायहरुको सम्मेलन आयोजना गरिनेछ ।

- खेतीयोग्य भूमिमा सिंचाई सुविधा विस्तारको लागि स्थायी श्रोतहरुको पहिचान तथा विकास गरिनेछ । सिंचाईको व्यवस्थापनका लागि प्लाष्टिक पोखरी, आकासे पानी संकलन गरी भण्डारण, स्प्रिंकल तथा थोपा सिंचाई जस्ता उपयुक्त प्रविधिहरुको विस्तार गरिनेछ ।

- व्यवस्थित बगैंचा र गुणस्तर सुधारमा सहयोग गर्दै यस क्षेत्रलाई लप्सी र नास्पातीको पकेट क्षेत्रको रुपमा विकास गरिनेछ । कृषिजन्य उत्पादनहरुको सुरक्षित भण्डारणका लागि चिस्यान केन्द्र निर्माणमा निजी क्षेत्र र सहकारीहरुलाई प्रेरित गरिनेछ ।

- मल, बीउ, सिंचाई, प्रविधि र कृषि उपजको बजारको लागि बजार पहूँच विस्तार गरिनेछ । कृषि प्राविधिकको सेवालाई  कृषकको सबसुलभ पहुँचका लागि वडास्तरमै पुऱ्याइनेछ ।

- आधुनिक व्यवस्थित पशु वधशाला स्थापना र निर्माण गर्न मासु व्यवसायीहरुको सहकारी निर्माण गर्न प्रेरित गरिने छ । यस्तो सहकारीमा नगरपालिकाले टोकन मनी प्रदान गर्नेछ ।

- जग्गा जमिन कम भएका शहरी क्षेत्रहरुमा कौसी खेती, गमला खेती, करेसाबारी लगायतका शहरी कृषि प्रणालीलाई प्रबर्द्धन गरिनेछ । कृषि योग्य भूमी बाँझो राख्ने कार्यलाई निरुत्साहित गरिने छ ।

- नगरक्षेत्र भित्र उत्पादन हुने तरकारीहरुको सामुहिक बिक्री बितरणको लागि संकलन केन्द्रहरु, सामुहिक उद्यम तथा उत्पादन कार्य गर्न आवश्यक स्थानहरुमा साझा सुविधा केन्द्र, लघु साना तथा घरेलु उद्योगहरुवाट उत्पादित सामान विक्री वितरणको लागि बिक्री कक्ष तथा कोसेली घर स्थापना गरिनेछ ।

- दक्षिणकाली क्षेत्रलाई धार्मिक पर्यटकीय गन्तव्यको रुपमा स्वदेशी तथा विदेशी पर्यटकहरुको आकर्षण केन्द्रका रुपमा विकास गरिनेछ । दक्षिणकाली पर्यटन विकासको थप मार्ग चित्र कोर्न पर्यटन गुरु योजना निर्माण गरिने निति लिईनेछ ।

- यस शहरलाई कला साधकहरुको गन्तव्यको रुपमा विकास गर्न संगीतकर्मी, मूर्तिकार, चित्रकारहरुको जमघट गराई कलाको सृजना हुने मेला पर्वहरुको आयोजना गरिने छ । कवि सम्मेलन तथा साहित्यिक गोष्ठिहरु समेत आयोजना गन नगरपालिकाले तत क्षेत्रका संघ संस्थासंग साझेदारी गरिने छ ।

- नगरक्षेत्रको ऐतिहासिक, धार्मिक तथा पुरातात्विक सम्पदाहरुको थप उजागर र संरक्षण गरी पर्यटकीय नगरको रुपमा राष्ट्रिय पहिचान बनाउँदै दक्षिणकालीलाई नेपालकै प्रमुख धार्मिक पर्यटकीय गन्तव्यको रुपमा विकसित गरिनेछ ।

- दक्षिणकालीको ठूलो वन क्षेत्रलाई कृत्रिम ताल, बोटानिकल पार्क सहितको मनोरञ्जन पार्क निर्माण गरी पर्यटन आकर्षण केन्द्रको रुपमा विकसित गर्न सम्भाव्यता अध्ययन गरिने छ । यसको लागि अन्तराष्ट्रिय सहयोगको आहवान गरिनेछ । सार्वजनिक निजी साझेदारीमा कोही लगानी कर्ता लगानी गर्न इच्छुक भएमा आवश्यक सहजिकरण गरिनेछ ।

- नगर क्षेत्रको उपयुक्त स्थानहरुमा पर्यटन सूचना केन्द्र स्थापना गरिनेछ । हावापानी सुहाउँदो चिडियाखाना निर्माणको सम्भाव्यता अध्ययन गरिने निति लिईनेछ ।

- उद्योगी व्यवसायीहरुका लागि लगानीमैत्री वातावरण सिर्जना गरिनेछ । २५ जनाभन्दा बढिलाई रोजगारी दिने उद्योग, व्यवसायहरुलाई सहुलियत दरमा छुटको व्यवस्था गरिनेछ । त्यस्ता उद्योगका स्थापना र संचालनका लागि आवश्यक पर्ने सडक, पानी तथा बिजुलीको व्यवस्थापनमा सहजिकरण गरिनेछ । एक गाउँ एक उत्पादन, एक वडा एक पहिचानको अवधारणालाई प्रबर्द्धन गरिनेछ ।

- ऐन नियमावली बनाई सहकारी संघ सस्थाहरुको दर्ता नविकरण नियमन गरिने छ । नागरिकहरुको बैंक तथा सहकारीहरुमा सहज पहुँचको लागि आवश्यक नीति बनाई कार्यान्वयन गरिने छ ।

- सहकारी क्षेत्रलाई आर्थिक समृद्धि, जनताको जीवनस्तर वृद्धि यो नारालाई सार्थक बनाउन कृषिको व्यवसायिकरण र रोजगारी अभिवृद्धिको माध्यमका रूपमा अगाडि  निति लिईएकाछ ।

<u>सामाजिक विकास क्षेत्रका नीतिहरु :</u>

- बिषयगत निकाय कृषि, पशु, शिक्षा, स्वास्थ्य जस्ता निकायहरुलाई नगरपालिकाको श्रोत साधन बमोजिम कार्यक्रम संचालन गर्न प्राथमिकता दिईनेछ ।

- दक्षिणकाली नगरपालिका सन २०१७ देखी नगरपालिकालाई बाल मैत्री नगर बनाउने अभियान थालनी गरेको छ । यस अभियानमा समाजका सवै वर्ग र समुदायहरु हातेमालो गरी परिचालित भएका छन । हाम्रो हालसम्मको प्रगति उत्साहजनक रहेको छ । तर नगरपालिकाले यो लक्ष्य तोकेको समयमा सम्पन्न गर्न सक्ने अवस्था देखिएको छैन । अतः यो लक्ष्य सन २०१८ सम्ममा हासिल गर्ने अठोट गरी तदारुपकताका साथ कार्यसम्पादन गरिनेछ ।

- नगरपालिका भित्र संचालन हुने कार्य तथा कृयाकलापहरुमा बाल श्रमिकको प्रयोग र परिचालनलाई निषेध गरिने नीतिलाई निरन्तरता दिईने छ । नगरपालिकाका वडा भित्र रहेका वडाहरुलाई बालश्रम मक्त घोषणा गर्ने अभियानलाई तिव्रता दिईने छ ।

- नगर स्वास्थ्य केन्द्रको व्यवस्थापन, स्वास्थ्य चौकीहरुको सु-संचालन, क्षमता विकास तथा महिला स्वास्थ्य स्वयं सेविकाहरुको क्षमता विकासमा सहयोग पऱ्याउने लगायत समग्र स्वास्थ्य क्षेत्रको विकास गर्ने निति लिईएको छ ।

- नगर क्षेत्र भित्रका सवै बाल विकास केन्द्रहरु तथा निजी मन्टेश्वरीहरुको सुचिकृत र अनुगमन गर्ने पद्धति लागू गरिनेछ । हरेक सामुदायिक विद्यालयमा प्रारम्भिक बाल विकास केन्द्र तथा पूर्व प्राथमिक कक्षा सचालन गर्न प्रोत्साहन गरिने छ र ती केन्द्रहरुलाई बालमैत्री नगर स्थापनाको सूचक वमोजिम कृयाकलाप संचालन गरिने छ ।

- विद्यालय भर्ना दर बृद्धि गर्ने तथा छोडने दर न्युन गर्न विद्यालय भर्ना अभियान र विद्यालय जानका लागि प्रेरित गर्न विभिन्न कार्यक्रम सञ्चालन गरिने छ । साथै सरकारी, राष्ट्रिय तथा अर्न्तराष्ट्रिय गैर सरकारी संस्थाको सहयोग, समन्वय र सहकार्यमा औपचारिक शिक्षाबाट र्बान्चत बालबालिकाहरु लगायत अन्यका लागि अनौपचारिक शिक्षा कक्षा संचालन गरिनेछ ।

- युवा वर्गमा लागु पदार्थ दुर्व्यसन प्रति सजगता, रोकथाम तथा नियन्त्रणका लागि जनचेतनामूलक बिशेष कार्यक्रमहरु संचालन गरिने छ । लैङ्गिक अल्पसंख्यकहरुलाई आत्मसम्मानपूर्वक जीवन यापन गर्न सन्देशमुलक कार्यक्रमहरु संचालन गरिनेछ ।

- एकल महिला, अपाङ्गता भएका व्यक्ति, द्धन्द्ध पिडीत, घरवार विहिन तथा अति गरिब लगायत आर्थिक, सामाजिक रुपमा पछाडि परेका परिवारका सदस्यहरुलाई स्वोजगारमुलक तालीम संचालन गर्ने निति लिईएको छ ।

- नगरपालिका भित्रका सामुदायिक विद्यालयहरुमा शैक्षिक गुणस्तर कायम गर्दै विद्यालयका लागि सुरक्षित भवन, पर्याप्त फर्निचर, पुस्तकालय, शैक्षिक सामग्री, प्रयोगशाला, खानेपानी, छात्रछात्राका लागि छुट्टाछुट्टै शौचालय, खेलकुदको व्यवस्था, ई-लाईब्रेरी तथा  सरसफाइ आदिको प्रबन्ध विद्यार्थी संख्याको अनुपातमा गरिनेछ । शैक्षिक क्षेत्रलाई राजनीतिक हस्तक्षेपमुक्त बनाइनेछ । विद्यालयलाई शान्ति क्षेत्र बनाइनेछ ।

- यस नगरपालिका भित्र रहेका संस्थागत विद्यालयहरुलाई पनि गुणस्तरीय शिक्षाका लागी व्यवस्थित बनाएर लगिनेछ ।

- व्यवहारिक शिक्षा निति, प्राविधिक शिक्षा प्रणाली, कृषि शिक्षा प्रणाली, जिवनपर्यन्त शिक्षा प्रणाली निति अपनाईनेछ ।

- स्वस्थ शहरको अवधारणालाई अगाडि बढाउँदै स्वास्थ्य चौकीहरुमा २४ सै घण्टा आकस्मिक सेवा सञ्चालन गर्ने  निति तथा सेवा सुनिश्चित भएको प्रयोगशाला, एक्स रे, पर्याप्त औषधीको व्यवस्था गरा आधारभूत र प्राथमिक स्वास्थ्यमा सबैको पहुँच सुनिश्चित गरिनेछ । आर्युवेदिक, होमियोप्याथिक, प्राकृतिक चिकित्सा लगायतका प्रचलित स्वास्थ्य उपचार सेवाको प्रवर्द्धन गरिने छ ।

- औपचारिक शिक्षा संचालन गरिएको विद्यालयहरुमा प्राविधिक शिक्षालाई समेत समावश गर्न सम्बन्धित निकायहरुसँग आवश्यक समन्वय र सहकार्य गरिनेछ ।

- लक्षित वर्गहरुलाई विकासको मूलप्रवाहमा ल्याउन सहजीकरणका लागि नगरपालिकामा महिला समुह, युवा समुह, दलित समुह, आदिवासी जनजाति समुह र टोल सुधार समितिहरुको गठन गरिनेछ । समुहको कार्यविधि नगरपालिकाले स्वीकृत गरी लागु गरिनेछ । लक्षीत वर्गको बजेट कार्यान्वयन र त्यसको अनुगमनमा यस्ता समुहको वडा र समितिले परिचालन गरिनेछ ।

- महिलाको ज्ञान, सिप, क्षमता र योग्यताको पहिचान गरी सम्भाव्यता पहिचान गरी स्वरोजगार मुलक तालिम प्रदान गरी उद्यमी, व्यवसायी बनाउँदै र नगरभित्र रहेका उद्योग तथा व्यवसायहरुमा कम्तीमा २५ प्रतिशत नगरबासीलाई रोजगारी दिने व्यवस्था गरिनेछ भने सबै क्षेत्रमा कम्तीमा ३३ प्रतिशत महिला सहभागिताको हकलाई सुनिश्चित गर्दै लगिनेछ । समान कामको लागि समान ज्याला नीति कडाईका साथ कार्यान्वयन गरिनेछ ।

- युवाहरूलाई रूपान्तरणका संवाहक र नेतृत्वका साझेदारको रुपमा विकास गर्दै सामाजिक, राजनीतिक र आर्थिक क्षेत्रका समग्र जिम्मेवारी सम्हाल्न युवा नेतृत्व विकास गरि युवा स्वरोजगार कार्यक्रम संचालन गरिनेछ साथै उद्यमशिलताको प्रवर्धन, तुलनात्मक लाभका क्षेत्रहरुको खोजी र पहिचान तथा व्यवसाय थालनी परामर्श केन्द्र लगायतका कार्य गरिनेछ ।

- दलित समुदाय भित्र रहेको परम्परागत सीपलाई आधुनिकीकरण गर्दै स्थानीय श्रोत साधनको उपयोग गर्दै जनचेतना अभिवृद्धि र रोगजारी मार्फत उनीहरुको सहभागीता अभिवृद्धि गराउने नीति लिईनेछ ।

- कलाकार, खेलाडी, स्रष्टा, संस्कृतिकर्मी, मिडियाकर्मी र सबै क्षेत्रका अगुवा र समाजसेवीहरुलाई सम्मानका साथ सामाजिक अभियानमा उत्प्रेरित गरिनेछ । राष्ट्रिय तथा अन्तराष्ट्रिय रुपमा दक्षिणकालीलाई चिनाउने यस्ता स्रष्टाहरुलाई उचित सम्मान गर्ने नीति लिईनेछ ।

- जेष्ठ नागरिक, एकल महिला, असक्त अपाङ्ग र बालबालिकालाई नेपाल सरकारवाट प्रदान गरिदै आएको सुरक्षा भत्ता समयमै सुलभ तरिकावाट उपलब्ध गराउने व्यवस्था मिलाइनेछ । जेष्ठ नागरिकहरुको ज्ञान अनुभवलाई उपयोग गरिने कार्यक्रमहरु संचालन गदै एक नगर एक ज्येष्ठ स्याहार केन्द्रको स्थापना गर्ने निति लिईएको छ ।

- माथि उल्लेखित सामाजिक विकास तर्फका नीति योजना तथा कार्यक्रमलाई सफल गर्न सामाजिक परिचालन कार्यक्रमको महत्वपूर्ण भूमिका हुने हुदा हाल संचालनमा रहेको स्थानीय शासन तथा सामुदायिक विकास कार्यक्रम (LGCDP) बाट संचालित कार्यक्रम २०७४ कात्तिकसम्म मात्र श्रोतको सुनिश्चिता भएको हुदा उक्त कायक्रमलाई निरन्तरता दिनको लागी सम्बन्धित संस्थासग अनुरोध गर्ने नीति लिईएको छ ।

- राष्ट्रिय अन्तराष्ट्रिय गैर सरकारी संस्था तथा विकास साझेदारहरुसँग समन्वय गर्ने वातावरण तयार गरी नगरका विकासमा सहकार्य गर्ने नीति अवलम्बन गरिएको छ ।

- आन्तरिक तथा बाह्वय पर्यटनलाई बढावा दिर्दै काठमाडौंको ४ नारायण मध्येको एक शेषनारायाण मन्दिर, बौद्ध धर्मावलम्बीहरुको अध्ययन तथा अनुसन्धानको रुपमा रहेको पवित्र तिर्थ स्थल गोरखनाथ, पदमसम्भव गुफा, बज्रयोगिनी मन्दिर, गोपालेश्वर मन्दिर, पचली भैरब लगाएतका थुपै मठ मन्दिर र गुम्बाहरु रहेको यस नगरी धार्मिक दृष्टिकोणले पनि त्यत्ति नै प्रसिद्ध रहेको छ । उषा मैयाको दरबार, बाणसुरको दरबार, ३३ केटी देवदवताको बासस्थल झम्केश्वरी मन्दिर, भिमसेन मन्दिर, चौकोट देवी, चम्पादेवी, दक्षिण गोदावरी, दक्षिण मनकामना, कटवाल दह, ग्रीन तारा लगायतका पवित्र धार्मिक एवं तिर्थस्थल, चम्पादेवी हुदै हात्तीवन रिसोर्ट, गोरखानाथ, मन्दिर हुदै वाणसुर दरबार देखी डाडि खोला हदै चौकोट दवीबाट हुदै पुन दक्षिणकाली नगरपालिकासम्मको पर्यटन मार्ग बनाईने निति लिनुका साथै दक्षिणकाली नगरपालिका वडा नं १ हात्ती वन वडा नं ३, ४ हदै वडा नं ९ टल्कुबाट मकवानपुर सम्म जाने वन भित्र cycling root विकास गर्ने निति लिईनेछ ।

- चाल्नाखेल देखि छैमले सम्मको निर्माणाधिन सडक अबिलम्ब निर्माण सम्पन्न गर्न आवश्यक पहल गरिनेछ ।

- दक्षिणकाली नगरपालिका भित्र रहेको धार्मिक संस्कर्तिक, मनारन्जनात्मक शहिद पार्क, पर्यटक स्थलहरुमा राष्ट्रिय तथा अन्तराष्ट्रिय पर्यटकहरुलाई आर्कषित गर्नको लागी पर्यटकिय मार्गको रुपमा बिस्तार गर्ने र उक्त क्षेत्रमा अध्ययन कार्यविधी तयार गरी तत्काल कार्यान्वयन गर्ने निति लिईनेछ ।

- पर्यटक दृष्टिकोणले स्थापन हुने पर्यटकिय उद्याग, व्यवसायहरु संचालन गर्नका लागी निजि क्षेत्रहरुको पहिचान गरी सहकार्य गरी अगाडी बढने निति लिईनेछ ।

- मच्छेन्दनाथ पवेशद्धारको रुपमा रहेको कटुवाल दहलाई विकसित रुपमा लैजाने निति लिईनेछ ।

- दक्षिणकाली नगरपालिका भित्र रहेको खानेपानी समितिलाई नगरपालिकाको मातहतमा ल्याई सक्रिय रुपमा संचालन गर्ने निति लिईनेछ ।

- युवाको बेरोजगारीको बिषयलाई मध्यनजर गरी दक्षिणकाली नगरपालिका भित्र मूर्तिकला लगायत प्राविधिक तालिम लिएका व्यक्तिहरुलाई दक्षिणकाली नगरपालिका भित्रै रोजगारीको व्यवस्था मिलाउने निति लिईनेछ ।

- नगरको कृषि तथा पशु नाति बमोजिम एकिकृत पशु र कृषि सम्बन्धी कार्यक्रम संचालन गरी व्यवसायीक कृषि तथा पशुपालन कार्यक्रमलाई निरन्तरता दिईनेछ । कृषि तथा पशु बिमा कार्यक्रमका सम्बन्धमा कृषक र सम्बन्धित निकायसग समन्वय गरी कृषि तथा पशु बिमा कार्यक्रम संचालन गरिनेछ ।

- सतह सिंचाई ,लघु सिचाई एवं बर्षको पानी संकलन गर्न लगानी तथा अन्य सुबिधा वृद्धि गर्नुका साथै कृषि उत्पादनमा सहयोग प्ऱ्याउन निश्चित अवधिका लागी विपन्न, एवं जोखिममा परेका कृषकहरु तथा त्यस्ता सेवा नपुगेका नगर क्षेत्रलाई लक्षित गरी एकिकृत कृषि उत्पादन आयोजना सञ्चालन गर्न प्राथमिकता दिईनेछ । साथै साना सिचाई आयोजनाहरुलाई प्राथमिकताका साथ अगाडी बढाउन पहल गरिनेछ ।

- दक्षिणकाली नगरपालिका भित्र रहेका खानेपानी समितिहरुलाई नगरको मातहतमा ल्याई सक्रिय रुपमा संचालन गर्ने निति लिईएको छ ।

- नगर क्षेत्र भित्र रहेको भुस्याह कुकुरलाई व्यवस्थापनका सम्बन्धमा पनि आवश्यक निति लिईनेछ ।

- विगत वर्षदेखि निर्माणाधिन रहेको खानेपानी आयोजनाहरुलाई आगामी आर्थिक बर्ष भित्रमा सम्पन्न गरी नगरवासीहरुलाई स्वच्छ पिउने पानी उपलव्ध गराउने नीति लिईने छ ।

<u>सेवा प्रवाह, संस्थागत विकास तथा सुशासनसंग सम्बन्धित नीतिहरु :</u>

- नगरपालिकामा आवश्यक र उपयुक्त कानून, नियमावली, कार्यविधि तथा निर्देशिकाहरु तयार गरी नगरवासीहरुलाई सरल, सहज र प्रभावकारी सेवा प्रदान गरिनेछ ।

- नगरको समग्र विकासमा सामुदायिक संस्थाहरु, गैरसरकारी क्षेत्र, सहकारी क्षेत्र, निजी क्षेत्र, अन्तर्राष्ट्रिय विकास साझेदारहरुसँग साझेदारी र सहकार्य गरिनेछ ।

- वडा कार्यालयलाई नागरिकहरुको पहिलो र नजिकको सरकारको रुपमा विकास गरिनेछ । वडा कार्यालयहरुलाई भौतिक सुविधा सम्पन्न गरिदै लगिनेछ र आवश्यक जनशक्ति व्यवस्थापन गरिनेछ । प्रत्येक वडा कार्यालयहरुमा नागरिक वडापत्र राखिनेछ । प्रत्येक वडाले संकलन गरेको राजस्व रकमको २० प्रतिशत प्रतिशत रकम थप विकास निर्माण तथा वडाको सेवा सुविधाको लागी माग गरी कार्यन्वयन गरिने निति लिईएको छ ।

- नगरपालिकाबाट सम्पादन हुने हरेक आयोजना तथा कार्यक्रमहरुको सार्वजनिक परीक्षण, सार्वजनिक सुनुवाई, सामाजिक परीक्षण जस्ता कार्यहरुबाट पारदर्शिता एवं स्थानीय सुशासन कायम गरिनेछ । गुनासो सुन्ने र समाधान गर्ने परिपाटीको विकास गरिनेछ । सेवाग्राहीहरुलाई मुस्कान सहितको सेवा दिने लक्ष रहेको छ । सार्वजनिक खरिद प्रक्रियालाई पारदर्शी र विश्वसनीय बनाइनेछ । ईबिडिङ प्रणालीलाई कार्यान्वयन गरिनेछ । गुणस्तर मापदण्ड बनाई लागू गरिनेछ । विकास कार्यहरुको व्यवस्थित अनुगमन नीति तथा प्रणाली स्थापना गरी कार्यान्वयन गरिनेछ ।

- नगरक्षेत्रको योजनाबद्ध विकासमा सहयोग पुऱ्याउन योजनाविद र बुद्धिजीवीहरु सम्मिलित नगरस्तरीय योजना आयोगको गठन गरिनेछ । नगरपालिकाका सम्पूर्ण निर्वाचित पदाधिकारीहरु तथा कर्मचारीहरुको लागि आचार संहिता बनाई लागू गरि सकिएको छ । निर्वाचित भए लगत्तै र कार्यकाल समाप्त भएपछि अनिवार्य सम्पत्ति विवरण बुझाउने कानूनी व्यवस्था कडाईका साथ पालना गरिनेछ ।

- नागरिकहरुको सूचनामा सहज पहुँच सुनिश्चिताको लागि आवश्यक व्यवस्था गरिनेछ । क्रमशः खुला सरकारको अवधारणा अवलम्बन गरिनेछ । सामाजिक संजाल तथा विद्युतीय प्रविधिहरुको स्थापना, प्रयोग र विस्तार गरिनेछ ।

- उपभोक्ता हित संरक्षणसम्बन्धी नागरिक बिज्ञहरु समेतको सहभागितामा एउटा निकाय स्थापना गरेर उपभोक्ता शिक्षा, सूचना र बजार अनुगमनको व्यवस्था प्रभावकारी ढङ्गले लागू गरिनेछ । सबै पसलहरूमा मूल्यसूची राख्न अनिवार्य गर्ने तथा मूल्य र गुणस्तरको नियमित अनुगमन गरिने छ ।

- नगरपालिकाबाट सम्पादन हुने न्याय प्रणालीलाइ सरल, सहज र सबैको पहुँचमा पुऱ्याइनेछ । वडाहरुमा मध्यस्थता र सामुदायिक मेलमिलाप केन्द्रको स्थापना गर्दै उनीहरुको क्षमता विकास र परिचालन गरिनेछ । नगरको उपप्रमुखको संयोजकत्वमा गठन हुने न्यायिक समितिलाई श्रोत साधनयुक्त बनाईनेछ ।

- सदस्यहरुको संयाजकत्वमा न्यायिक उपसमिति गठन गर्नुका साथै न्यायिक समितिका संयोजकबाट निश्चित अधिकार पत्यायोजन गरिने निति लिईएको छ ।

- नगरपालिकामा गठन भएका विषयगत समितिहरुलाई दिइएको कार्य क्षेत्र बाहेकमा विषयगत कार्य समितिले छलफल गरी निर्णय लिन सक्नछ ।

- सेवा प्रवाहका हरेक क्षेत्रमा प्रविधिको विकास तथा बिस्तार गरी E-Governance लाई तिव्रता दिईने छ । सेवाहरुलाई प्रथम चरणमा कम्प्युटर प्रविधिमा आधारित तथा दोस्रो चरणमा इन्टरनेटमा आधारित (online Service) बनाई प्रवाह गर्ने नीति रहेको छ ।

- नगरपालिकामा उत्कृष्ट काम गर्ने कर्मचारीहरु, वडा सचिवहरु, सामाजिक परिचालकहरु, महिला समुह, बन समुह, महिला स्वास्थ्य स्वयं सेवकहरु तथा टोल विकास संस्था, नागरिक सचेतना केन्द्र, कृषक समूह, सहकारी आदिलाई पुरस्कृत गरिने नीति लिईनेछ ।

- नगरमा बस्ने परिवारहरुको वेवमा आधारित पारिवारिक विवरण अभिलेख राख्ने प्रणाली स्थापना गर्न साझेदारहरुको खोजी गरिनेछ ।

- नगरपालिकमा कार्यरत कर्मचारीहरुको क्षमता विकासको लागी विभिन्न सेवाकालिन तालिमहरु संचालन गरिनछ । राम्रो कार्य सम्पादन भएका स्वदेशकै अन्य नगरपालिकाहरुसँग अन्तर्राक्रिया र अवलोकन भमण गराई थप क्षमता विकासको लागी प्रयास गरिनेछ । कर्मचारी कल्याण कोषलाई व्यवस्थित गराउन यसमा जम्मा गर्नुपर्ने रकम जम्मा गरिनेछ ।

- नगरपालिकाको आन्तरिक प्रशासन चुस्त र दरुस्त कायम गन सके मात्र नगरबारीलाई छिटो छरिटो, सरल र प्रभावकारा ढंगले सेवा सुबिधा उपलव्ध गराउन जनताको अपेक्षा सुशासन न्याय र मानव अधिकारको रक्षा भन्ने मूल नारालाई लिइ मुस्कान सहितको सेवा प्रदान र्गारने निति लिईएको छ ।

<u>भवन निर्माण, नक्सा पास, तथा भूमी व्यवस्थापन सम्बन्धी नीतिहरु :</u>

- यस दक्षिणकाली नगरपालिकाबाट नक्सा पास गरी निर्माण भएका भवनहरुमा तला थप गर्नको लागि माग गरेमा, तत्कालिन नक्सा पास भएको सडक मापदण्ड, सडक अधिकार क्षेत्र तथा सेट ब्याक पूरा भएको तथा सडक ऐन अनुसरण गरेको, सार्वजनिक वा सरकारी जग्गा अतिक्रमण नगरेको अवस्थामा "राष्ट्रिय भवन संहिता–२०६०" अनुसार आवश्यकता भएमा भूकम्पीय सुदृढीकरण (Retrofitting) सहित तला थपको अनुमति प्रदान गर्ने नीति लिइनेछ । नक्सा स्वीकृत गर्ने कार्य कम्प्युटर प्रणालीबाट थालनी गरिने छ ।

- नगरपालिका क्षेत्र भित्रका सार्वजनिक, पर्ति, ऐलानी जग्गाहरुको संरक्षण गर्ने कार्यक्रमलाई निरन्तरता दिइने छ । नगरपालिका क्षेत्रमा रहेको सार्वजनिक जग्गाहरु नगरपालिकाको स्वामित्वमा ल्याउनको लागि निति लिईएको छ ।

- नगरपालिका क्षेत्र भित्र सार्वजनिक जग्गाको प्रयोग कुन सामाजिक संस्थाले कहिले देखी र के प्रयोजनको लागि गरेका छन ? त्यसको लगत तयार पारिने छ ।

- बस्ती विकास शहरी योजना तथा भवन निर्माण मापदण्ड बमोजिम प्लटिङ्गलाई व्यवस्थित गरिनेछ । नगरपालिकाबाट स्वीकृति नलिई गरिएको प्लटिङ्गमा नक्सा पास नगर्ने नीति लिईनेछ । यस्ता प्लटिङ्गहरुलाई समयमा नै स्वीकृति लिन पनि निश्चित समय अवधि तोकी सूचना जारी गरिनेछ । Land Use Plan नबने सम्म बस्ती बस्न अयोग्य क्षेत्रमा प्लटिङ्ग स्वीकृति दिइने छैन ।

- नगरपालिकाले सहरी योजना, बस्ती विकास तथा भवन निर्माण सम्बन्धी आधारभूत मापदण्ड जारी गरी कार्यान्वयन गरेको छ । यसलाई कडाइका साथ कार्यान्वयन गरिने छ । नगरपालिकाका विस्तारित वडाहरुमा सडक मापदण्ड र घरको मापदण्ड पुगेका घरहरुका नक्सा अभिलेखीकरणको निति लिईएको छ ।

- पर्यर्टाकिय तथा हरित नगरपालिकाको रुपमा विकासका लागी पर्यटकिय स्थलहरु पार्क, भ्युटावरहरु निर्माणमा निजी क्षत्रहरुलाइ प्राथमिकता दिईनेछ साथै होमस्टे संचालन गर्न सक्ने सम्भाव्य क्षेत्रहरु अध्ययन गरी संचालन प्रकृयामा प्रोत्साहन गरिनेछ साथै नागरिकहरुको चहलपहल हुने सावजनिक शौचालयहरु सार्वजनिक निजी सझेदारी अवधारण अनुसार संचलनमा ल्याईनेछ ।

राष्ट्रिय तथा अर्न्तराष्ट्रिय सम्बन्ध विस्तार तर्फका नीतिहरु:

- यस नगरपालिकाको राष्ट्रिय तथा अन्तराष्ट्रिय नगरहरुसँग भगिनी सम्वन्ध कायम गर्ने नीति लिइनेछ र यस कार्यमा नगरको पहिचान र हितलाई उच्च प्राथमिकतामा राखिनेछ ।

- दक्षिणकाली नगरपालिकाले अन्तराष्ट्रिय मञ्चमा आफुलाई उपस्थित गराउन आवश्यक पहल गर्ने नीति लिनेछ ।

- नगरपालिकाको स्वदेशी तथा विदशी दातृ निकाय तथा वित्तीय संस्थासँग ऋण लिन सक्ने कानूनी खाका तर्जुमा गरिनेछ ।

राजश्व परिचालन सम्बन्धी नीतिहरु :

- श्रोत परिचालनलाई समतामुलक, प्रगतिशिल र न्यायपूर्ण बनाईने छ । सबै सरोकारवाला एवं करदाताहरुको सहभागितामा राजश्व अभिबृद्धि गरि कुल बजेटमा आन्तरिक आम्दानीको अंश बृद्धि गरिदै लगिनेछ । घर वहाल कर, सवारी कर, व्यवसाय कर संकलनका क्षेत्रमा थप मेहनत गरी प्रभावकारी रुपमा श्रोत र्पारचालन गरिनेछ ।

- आगामी आ.व. मा करको दायरा विस्तार गरिने नीति लिइएको छ । यसको लागि कर संकलनका अभियानहरु संचालन गरिनेछन भने विभिन्न सरोकारवालाहरु सग गरिएको साझेदारी सम्झौताको समिक्षा र पूनरावलोकन समेत गरिनेछ ।

- नगरपालिकाको लागि भरपर्दो कर प्रणाली एकिकृत सम्पत्ति कर नै हो भन्ने मान्यतालाई स्वीकार गर्दै एकिकृत सम्पत्तिकरको लागि गरिने जग्गाको मूल्याङ्कन, आगामी केही बर्ष पश्चात जग्गाको न्युनतम मूल्याङ्कनसँग तादम्यता कायम गर्ने नीति लिईने छ । यसलाई स्थानीय श्रोतको मेरुदण्डको रुपमा विकास गरिने छ ।

- नगरपालिकाद्धारा बहालमा लगाईएका सम्पत्तीहरुको बहाल बन्दोबस्त गर्दा तथा आय संकलन कार्य अन्य संस्था मार्फत गराउँदा प्रतिस्पर्धात्मक र्विध अपनाई प्रचलित बजारदरको आधार कायम गरी बहाल बन्दोबस्त गर्दै लगिनेछ ।

- नेपालको संविधान २०७२ को अनुसूची ८ र ९ बमोजिमका केही अधिकारहरुमा जिल्ला समन्वय समितिले हस्तक्षाप गरेको विषयमा यस नगरपालिकाको ध्यानाकर्षण भएको छ । सो सम्बन्धमा स्थानिय तहको अधिकार क्षेत्र भित्र रहि नगर क्षेत्र भित्र रहेको प्राकृतिक श्रोत, खानी, खनिज पदार्थहरुको व्यवस्थापन नगरपालिका आफैले गर्ने निति लिईनेछ ।

आदरणीय उपस्थित महानुभावहरु :

आगामी आ.व. ०७४/०७५ को लागि कुल आय निर्धारण गर्दा आन्तरीक आयबाट १ करोड २३ लाख ९५ हजार राजस्व वाडफाडबाट ६६ लाख , नेपाल सरकारबाट प्राप्त हुने समानीकरण अनुदानवाट १५ करोड र सर्शत अनुदान ७ करोड ६६ लाख, सामाजिक सुरक्षामा ३ करोड ५० लाखको र कन्टेन्जेन्सी बाट २० लाख समेत गरी जम्मा रु २८ करोड ७३ लाख ९५ हजार को बजेट सीमा तयार गरिएको छ । सशर्त अनुदानको रकमबाट संचालन गरिने क्रियाकलापहरु मध्ये चालु तथा पूँजीगत तर्फका कार्यक्रम एकिन गर्न नसकिएकोले कुल वजेटमा चालु खर्च तथा पूँजीगत खर्चको हिस्सा एकिन रुपमा देखाउन सकिएको छैन ।

माथि पेश गरेको आय विवरणमा समाजिक सुरक्षा तर्फको वजेट समाविष्ट गरिएको छ ।

आन्तरीक आयको अनुमानको हकमा रजिष्ट्रेशन शुल्क, प्राकृतिक श्रोतको वाँडफाड र अन्य बहाल विटौरी करको वाडफाड के कसरी हुने भन्ने यकिन नभइसकेको कारणले साविक नगरपालिकाले निर्धारण गरेको आय अनुमानमा समसामयिक तर सामान्य बृद्धि गरी लक्ष्य निर्धारण गरिएको छ । उक्त करहरुको बाडफाड खाका यकिन भएपछि आयव्ययमा समायोजन गरिने नै छ । व्यवसाय कर, विभिन्न शुल्क तथा दस्तुरहरु साविकका दरमा सामान्य हेरफेर गरी प्रभावकारी रुपमा परिचालन गर्ने नीति रहेको तथा एकिकृत सम्पत्ति करको हकमा क्रमशः लागु गरिनछ ।

नगर सभाका सदस्यज्यूहरु तथा अतिथिज्यूहरु :

योजनाको तर्जुमा जस्तै यसको कार्यान्वयन पनि महत्वपूर्ण पक्ष हो । हामीले तर्जुमा गरेका कतिपय नीति तथा कार्यक्रहरु सम्पादन गर्न हाम्रो सहकार्य, साझेदारी तथा रचनात्मक सहयोगको आवश्यकता पर्दछ । अतः यस अवसरमा दक्षिणकाली नगरपालिकाको विकासमा प्रभावकारी भूमिका खेल्न सरकारी निकायहरु, निजी क्षेत्र, दातृ निकाय लगायत, अन्तर्राष्ट्रिय संघ संस्थाहरु, गैर सरकारी संघ संस्थाहरु, टोल विकास संस्थाहरु तथा अन्य सम्पूर्ण सरोकारवालाहरुलाई यसै मञ्चबाट हार्दिक अनुरोध गर्न चाहन्छु ।

आज प्रस्तुत बजेट नगर सभाले स्वीकृत गर्नासाथ अविलम्ब यस दक्षिणकाली नगरपालिकाको वेव पेजमा अपलोड गरिने व्यहोरा निवेदन गर्दै वजेट तथा कार्यक्रमको पूर्ण विवरण, नगर विकास योजना तर्जुमाका प्रस्तुत आधार तथा लिइएको नीतिहरुको विस्तारित खाका समेटिएको बार्षिक नगर विकास योजना पुस्तक यथाशीघ्र यहाँहरु समक्ष उपलब्ध गराउने बाचा समेत गर्दछु । योजना तर्जूमा आफैमा महत्वपूर्ण त हो नै तर यसको कार्यान्वियन हुन सकेन भने वाञ्चित प्रभाव छाडन सकिदैन । अतः प्रस्तुत बजेट कार्यान्वयनमा सबै क्षेत्र र तप्काका पूर्ण सहयोग रहनेछ भन्ने विश्वास लिएको छु ।

राजनीतिक दलहरुले स्वच्छ प्रतिस्पर्धा मार्फत निर्वाचनमा भाग लिई जनमत मार्फत आज हामी यो नगरपालिका संचालन गर्ने भूमिकामा आई पुगेका छौं । यो सगै राजनीतिक प्रतिस्पर्धा र आग्रह सकिएर अव हामी एउटै टिम भएका छौं । हाम्रा नीति तर्जुमा गर्दा ज्यादा भन्दा ज्यादा अन्तक्रिया र सुझाव संकलन गरिएको थियो

। अतः नगरपालिकाको सु-संचालनको लागि सवै राजनीतिक दलको रचनात्मक सहयोगको अपेक्षा लिदै आफनो तर्फबाट समेत पार्टिको नभई समग्र दक्षिणकाली नगरपालिका र यहाँका जनताको साझा प्रतिनिधिको रुपमा सेवा गर्ने विश्वास यहाँहरुलाई दिलाउन चाहन्छु ।

अन्तमा, आजको यस विशिष्ट अवसरमा हाम्रो निमन्त्रणालाई स्वीकार गरी पाल्नु भएका नगरसभाका सदस्यज्यूहरु तथा अतिथिज्यूहरु सञ्चारकर्मी साथीहरु, विषयगत कार्यालय तथा नगरपालिकाका कर्मचारी मित्रहरु प्रति हार्दिक धन्यवाद व्यक्त गर्न चाहन्छु । प्रस्तुत बजेट तथा कार्यक्रम तर्जुमा गर्ने प्रकृयामा प्रत्यक्ष तथा परोक्षरुपमा सहयोग पुऱ्याउनु हुने नगर कार्यपालिकाका सदस्यज्यूहरु, विषय क्षेत्रगत समितिका पदाधिकारीहरु, सदस्यहरु, विषयगत कार्यालयका प्रमुख तथा प्रतिनिधि ज्यूहरु र यस नगरपालिकाको उन्नति प्रगतिमा अहोरात्र खटिई यस सभालाई भव्य र सभ्य रुपमा सफल गराउन खटिनु भएका नगरपालिकाका कर्मचारी साथीहरु र सम्पूर्ण नगरवासी दाजुभाई तथा दिदी बहिनीहरुमा हार्दिक धन्यवाद व्यक्त गर्दछु ।

**धन्यवाद ।**

श्री बसन्ती तामाङ (डंगोल)
नगर उप-प्रमुख
दक्षिणकाली नगरपालिका, फर्पिङ, काठमाडौं
मिति : २०७४ असार ३० गते